जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ४७ • २०८३ साल आषाढ २२ गते सोमबार (6 July, Monday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-

## 'भदौ २४ पछि हामी किचिक्क भएर मारिने ठाउँमा थियौं'

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल प्रचण्डले भदौ २३ र २४ गतेको घटनापछि आफूहरू मारिने अवस्थामा पुगेको बताएका छन् । विश्वको भूराजनीतिले आफूहरूलाई प्रतिक्रियावादीहरूको हातबाट जोगाएको उनले बताए ।

एक कार्यक्रममा बोल्दै पूर्वप्रधानमन्त्रीसमेत रहेका संयोजक प्रचण्डले त्यसबेला कसरी बाँचियो भनेर अहिले पनि सोचमा पर्ने गरेको बताए ।

भदौ २३ र २४ गतेपछि आफूहरू निरीह अवस्थामा पुगेको सम्झिँदै उनले त्यसबेला पार्टीका कार्यकर्ताले नभएर भू-राजनीतिले बताएको प्रस्ट्याए ।

भदौ २६ गते फेरि तिनै २४ गते विध्वंस गर्नेहरूले नै आफू र माधव नेपाललाई राष्ट्रपति कार्यालयमा बोलाएको संयोजक प्रचण्डले सम्झिए ।

उनले भने, 'लौ के गर्ने हो भनेर सल्लाह गर्ने ठाउँमा पुग्यो २६ गते राति फेरि, यो पनि बडो अनौठो । हामीले त सोचेकै थिएनौं हामीलाई बोलाउलान् प्रधानसेनापतिले अनि राष्ट्रपतिले, हाम्रो सुझाव लेलान् भन्ने सोचेको त थिएनौं, तर भयो ।'

### बजेट पारित हुन नदिने विपक्षी दलको अडान

# बजेट पुनर्लेखन र आयोगमा गरिएका नियुक्ति नसच्याए सदन चल्न नदिने

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले ल्याएको बजेटविरुद्ध विपक्षी दलहरु एकजुट भएका छन् । नीति तथा कार्यक्रममा प्रदेश सरकारले प्रस्तुत गरेको एजेण्डा विपरीत सरकारले कमिसनमुखी बजेट ल्याएको भन्दै प्रतिपक्षी दलहरुले बजेट पुनर्लेखन र विभिन्न आयोगमा अयोग्य व्यक्तिहरुलाई गरिएको नियुक्ति नसच्याएसम्म सदनमा बजेट टेबल गर्न नदिने चेतावनी दिए ।




जनकपुरधाममा आइतबार प्रमुख विपक्षी दलजनता समाजवादी पार्टी(जसपा) नेपालको अगुवाइमा होटेल अञ्जनी स्वीट्समा आयोजित पत्रकार सम्मेलनमा विपक्षी दलका नेताहरुले कुनै पनि हालतमा मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको सरकारले ल्याएको बजेट पारित हुन नदिने धारणा सार्वजनिक गरेका छन् ।

प्रमुख विपक्षी दल जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले संयुक्त रुपमा बजेटप्रति आफ्नो धारणा सार्वजनिक गर्दै०८३/०८४ को आर्थिक वर्ष अव्यवहारिक र अवैज्ञानिक रहेको भन्दै कुनै पनि हालतमा बजेट पारित हुन नदिने चेतावनी दिएका छन् । बजेट अव्यवहारिकसँगै विचौलियामुखी र मुख्यमन्त्री केन्द्रित भएको भन्दै यसले संघीयता धरापमा पार्ने उनीहरूको दाबी छ ।

जसपा नेपाल मधेश प्रदेशका संसदीय दलका नेता सरोजकुमार यादवले बजेट एक क्षेत्रमा बढी र अन्य क्षेत्रलाई बेवास्ता गरिएकाले व्यक्ति र क्षेत्रमुखी बजेट रहेको आरोप लगाए ।

पूर्वमुख्यमन्त्रीसमेत रहेका संसदीय दलका नेता यादवले मधेश प्रदेश सरकारले कमिसनमुखी बजेट ल्याएर विचौलियाको भरमा बजेट ल्याएको आरोप लगाए । उनले बजेटमा अधिकांश ठाउँमा पोषण कार्यक्रम शीर्षकमा राखिएको बजेट नीतिगत भ्रष्टाचार रहेको बताए । उनले वर्तमान सरकारले विचौलियालाई सहज हुने गरी ल्याएको बजेटको आधारमा कसिमनसमेत ठेकेदारहरुबाट लिइसकेको दाबी गरे । उनले ठेकेदारहरुकै आधारमा ल्याइएको बजेट कार्यान्वयन हुनै नसक्ने ठोकुवा गरे । विशेष अनुदानको नाउँमा १३६ वटै पालिकामा एकै प्रकारको योजना पोषण कार्यक्रममा पनि कुनियतवश पहिलादेखि नै गरिएको सेटिंगको आधारमा बजेट ल्याएको दावी गरे ।

पूर्वमुख्यमन्त्रीसमेत रहेका नेता यादवले भने, 'सबैभन्दा बढी योजना एउटै जिल्लाको एउटै पालिका छ, जहाँ एकजना ठेकेदार छ, जसले सरकारलाई बढी कमिसन दिन्छ, त्यसैलाई योजना दिनका लागि बजेट ल्याउन चाहेकाले यसको भण्डाफोर गर्नुपर्छ ।'

पूर्वमुख्यमन्त्री लालबाबु राउतले करोड रुपैयाँको बजेट मात्रै समावेश गरिएको हल्ला गरेर प्रदेश सरकारले टुक्रे योजना ल्याएर झुक्याउने काम गरेको आरोप लगाए । पूर्वमुख्यमन्त्री राउतले टुक्रे योजनालाई नै एकीकृत गरेर प्रदेश सरकारले अव्यवहारिक रूपमा एक करोड रुपैयाँ राखेको बताए । मधेश प्रदेशको गौरवका कुनै पनि योजनालाई समेत समावेश नगर्दा स्वीकार नगर्ने उनको भनाइ छ ।

पूर्वमुख्यमन्त्री राउतले लोक सेवा आयोग र जनलोकपाल आयोगमा भएको नियुक्ती एवं आगामी आर्थिक वर्षका लागि प्रस्तुत बजेटप्रति असन्तुष्टी व्यक्त गरे ।

उनले प्रदेश सरकार मातहत रहेका आयोगहरुमा संसदीय अभ्यास विपरीत गरिएको नियुक्ति खारेजी तथा बजेटमा व्यापक सुधारको माग गरे ।

त्यस्तै सो पत्रकार सम्मेलनमा अर्का पूर्वमुख्यमन्त्री जितेन्द्र सोनलले मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेशको अगुवाइ गर्नमा र बजेट ल्याउनमा चुकेकाले उनी असफल भएको आरोप लगाए ।

पूर्वमुख्यमन्त्री सोनलले जनताको भरोसा माथि विश्वासघात हुने गरी मधेश प्रदेश सरकारले ल्याएको बजेट कुनै पनि हालतमा स्वीकार्य नहुने हुनाले कार्यान्वयन नहुने प्रस्ट पारे । बजेट कार्यान्वयनमा चुनौतीसँगै दिशाविहीन अवस्थामा रहेको उनले बताए ।

यसैगरी जनमत पार्टी मधेश प्रदेशका संसदीय दलका नेता चन्दन सिंहले कांग्रेस, एमाले र नेकपा तीन वटै दल मिलेर बनाएको सरकारले जनता र संघीयतालाई उपेक्षा गरिएको बताए । उनले संघीयता प्रति नै वितृष्णा फैलाउने ढंगले बजेट ल्याएको टिप्पणी गरे । उनले मुख्यमन्त्री कृष्णप्रसाद यादवले आफूलाई र आफ्ना नेतालाई खुस पार्नका लागि प्रदेश सरकारको बजेट ल्याउन चाहेको बताए । जुन आफूहरु कुनै पनि हालतमा साकार हुन नदिने दोहाऱ्याए ।

नेता सिंहले भने, 'भौतिक पूर्वाधार कार्यालयमै मुख्यमन्त्रीले अधिकांश योजना आफ्नै क्षेत्रको आफ्नो योजना गाउँपालिकामा राखेको छ । यस खाले बनाइएको ३३५ पेजको बजेट बनाएर तीन वटा जिल्लाको तीनवटा पालिकामा योजना राखेर आफूलाई र आफ्ना नेतालाई खुस पार्न राखेको छ । बजेटको पुनर्लेखन हुनुपर्छ । हामी प्रतिपक्षी हौं, बजेट जबसम्म सच्याइँदैन, तबसम्म हामी प्रदेश सरकारको विरोधमा रहन्छौं ।'

पूर्वअर्थमन्त्री सञ्जयकुमार यादवले सरकारले बिचौलियालाई पोस्ने गरी बजेटमा पोषणका नाममा अनेकन योजना राखेको बताए । उनले बजेट कार्यान्वयनमै जटिलता आउँदा संघीयतामाथि नै प्रश्न उठ्ने दाबी गरे ।

प्रदेश सरकारको बजेटमा देखिएको कमजोरीहरु बारे जानकारी गराउँदै पूर्वअर्थमन्त्री संजयकुमार यादवले कृष्ण प्रसाद यादव नेतृत्वको प्रदेश सरकार सरुवा बढुवा र कमिसनमा मात्र केन्द्रित रहेको जिकिर गरे ।


प्रदेशसभा सदस्य उपेन्द्र महतोले मुख्यमन्त्रीको क्षेत्रमा बजेट केन्द्रित हुँदा यसको महत्व नरहेको बताए । उनले चालु अवस्थामै बजेटको सुनिश्चितता नगरी धेरै योजनाको टेन्डर गरिएका कारण बहुवर्षीय योजना धेरै हुँदा कठिनाइ उत्पन्न हुन सक्ने तर्क गरे ।

उनले प्रदेश सरकारले ल्याउन खोजेको बजेट अव्यवहारिक, असन्तुलित, निराशाजनक, दिशाहीन र भ्रष्टाचारीलाई पोस्ने गरी संस्थागत रुपमै भ्रष्टाचारलाई प्रश्रय दिन खोजेको जिकिर गरे ।

# उच्च अदालत जनकपुरमा २ हजार बढी मुद्दा फछ्र्योट भएन

**टुडे समाचारदाता**

जनकपुरधाम । चालू आर्थिक वर्ष २०८२/०८३ मा उच्च अदालत जनकपुरले दुई हजार बढी मुद्दा फछ्र्योंट गर्न सकेन ।




उच्च अदालतले सार्वजनिक गरेको तथ्यांक अनुसार जिम्मेवारी सरि आएको २ हजार २६७ र नयाँ दर्ता भएको ४ हजार १६१ गरि कुल ६ हजार ४२८ मुद्दा मध्ये ४ हजार ३३० मुद्दा फर्छौट भई २ हजार ९८ मुद्दा फर्छौट हुन बाँकी रहेको छ ।

कुल मुद्दा मध्ये ६७.३६ प्रतिशत फर्छौट भएको छ लक्ष्यको ९७.२४ प्रतिशत फर्छौट भएको तथ्यांकमा दाबी गरिएको छ ।

त्यस्तै दुई वर्षभन्दा पुरानो मुद्दा शून्यमा झरेको छ । तथ्यांक अनुसार दुई वर्ष नाघेको मुद्दा शून्यमा झरेको छ भने १८ महिनादेखि दुई वर्षभित्रको मुद्दाको संख्या १३ वटा रहेको छ ।

यस्तै, एक वर्षदेखि डेढ वर्षभित्रको ३८७ वटा मुद्दा बाँकी रहेको छ । अदालतका रजिष्ट्रार विश्वजंग सिजापतिले जिम्मेवारी सरी आएको र नयाँ दर्ता मुद्दामध्ये २ हजार ९८ वटा फछ्र्योट हुन बाँकी रहेको जनाएको छ । उच्चले यस आर्थिक वर्षको फछ्र्योट लक्ष्य ४ हजार ५४६ वटा राखेकोमा असार १९ गतेसम्म ४ हजार ३३० रहेको छ ।

अदालतका कायम मुकायम मुख्य न्यायाधीश टेकनारायण कुँवरको इजलाशले १ हजार ३१० वटा मुद्दाको फछ्र्योट गरेको छ ।

त्यसैगरि, न्यायाधीशहरु टीकाराम आचार्यले १ हजार ११५, जगदिश घिमिरेले ९४६, राजुराम सिलवालले ८९६, कृष्णप्रसाद सुवेदीले ८४६, कैलासप्रसाद सुवेदीले ८२६, फुर्पा तामाङले ७२३, मुरारीबाबु श्रेष्ठले ६८४, कमलप्रसाद पोखरेलले ६५९ र श्यामकुमार भट्टराईले ५७८ मुद्दाको फछ्र्योट भएको रजिष्ट्रार विश्वजंग सिजापतिले बताए ।

# सडक विस्तारको काममा स्थानीयद्वारा अवरोध

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको वीरगञ्ज महानगरपालिकामा सडक विस्तारको काम अझैसम्म पनि शुरु हुन सकेको छैन । सडक विस्तारको काममा स्थानीयवासीहरुले नै अवरोध खडा गरेपछि शुक्रबारदेखि रोकिएको वीरगञ्जको मुख्य सडक क्षेत्रमा सडक सीमाभित्र परेका घर तथा संरचनामा डोजर चलाउने अभियान आइतबार पनि हुन सकेको छैन ।



पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहाल शनिबार विदाको दिन आफ्नै काममा व्यस्त हुँदा सरोकारवालाको बैठक हुन नसकेपछि सडक विस्तारको कामले गति लिन सकेको छैन ।

सडक डिभिजन कार्यालय हेटौंडाका इञ्जिनियरसमेत रहेका वीरगञ्जका लागि तोकिएका फोकल पर्सन दुर्गा प्रसादले बैठकका लागि कार्यालयका डीइ किरण कार्की समेत शनिबार आए पनि प्रजिअ दाहालको अनुपस्थितिका कारण सम्पन्न हुन नसकेको बताए ।

उनले कार्यालय खुल्ने दिन सोमबार बैठक गर्ने हुने बताए । विवाद समाधान नगरी काम गर्दा पटक पटक समस्या आउने र डोजर अपरेटहरु पनि असुरक्षित रहेकाले थप एक दिन बैठकका लागि प्रतिक्षा गरेको उनले बताए ।


सडक डिभिजन कार्यालय हेटौंडाले शुक्रबार दिउँसो करिब १ बजेदेखि त्रिभुवन राजमार्गअन्तर्गत वीरगञ्जको मुख्य सडक क्षेत्रमा सडक सीमा अतिक्रमण गरी बनेका संरचना हटाउने अभियान शुरु गरेको थियो । कृषि औजार कारखानासम्मका संरचना हटाइसकेपछि सोही दिनको साँझदेखि बहुअरी क्षेत्रका स्थानीयले डोजर सञ्चालनमा अवरोध गरेको थियो ।

स्थानीयवासीले वीरगञ्ज महानगरपालिकासंग आवश्यक समन्वय नगरी सडक विस्तारको काम अघि बढाएको भन्दै यस विषयमा सरोकारवाला निकायबीच छलफल जारी रहेकाले तत्काल डोजर नचलाउन भन्दै अवरोध गरेको छ ।

सडक डिभिजन कार्यालय हेटौंडाले असार ५ गने वीरगञ्ज महानगरपालिकालाई पत्राचार गर्दै त्रिभुवन राजमार्गअन्तर्गत सिरसिया-मितेरी पुलदेखि बहुअरी गण्डक चोकसम्म सडकको केन्द्ररेखाबाट दायाँ-बायाँ २५-२५ मिटरभित्र पर्ने स्थायी तथा अस्थायी संरचना हटाउने कार्यमा सहयोग गर्न आग्रह गरेको थियो । महानगरबाट अपेक्षित समन्वय हुन नसक्दा त्यसबेला अभियानले तीव्रता लिन सकेको छैन ।

यस अघि पनि कार्यालयले सार्वजनिक सूचना जारी गर्दै सडक सीमाभित्र रहेका संरचना स्वयं हटाउन अन्तिम समयसीमा दिएको थियो । गत वैशाख ६ गते र ७ गते पहिलो चरणमा सडक विभागले मुख्य सडक क्षेत्रका करिब १२ सय घर तथा भवनमा डोजर चलाएको थियो ।





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### कानुनी स्पष्टता र सुशासनको अर्को परीक्षा

मधेश प्रदेश सरकारले लामो समयदेखि रोकिएको प्रदेशसभा सदस्यहरूको स्वकीय सचिवालयमा कार्यरत कर्मचारीहरूको तलब तथा सेवा सुविधा एकमुष्ट रूपमा उपलब्ध गराउने निर्णय गर्नु तत्कालका लागि सकारात्मक देखिए पनि यो सरकारको लागि भने अर्को परीक्षा हो । महिनौँसम्म पारिश्रमिक नपाएर आर्थिक कठिनाइ झेलिरहेका कर्मचारीहरूका लागि यो निर्णयले अवश्य पनि राहत मिल्ने छ। श्रम गरिसकेपछि समयमै पारिश्रमिक पाउनु कर्मचारीको आधारभूत अधिकार हो। त्यसैले कानुनी अन्योल वा प्रशासनिक विवादका कारण उनीहरूलाई अनिश्चितकालसम्म तलबबाट वञ्चित गर्नु उचित हुन सक्दैन। यस विवादको मूल कारण संघीय सरकारको अर्थ मन्त्रालयले मन्त्रीबाहेक सांसद तथा अन्य राजनीतिक पदाधिकारीका स्वकीय सचिवको सुविधा खारेज गर्ने सम्बन्धमा जारी गरेको परिपत्र थियो । त्यसपछि मधेश प्रदेशसहित विभिन्न प्रदेशमा स्वकीय सचिवहरूको तलब वितरण रोकियो । तर प्रदेश सरकारले अहिले प्रचलित प्रदेश कानुनका आधारमा सेवा-सुविधा उपलब्ध गराउने निर्णय गर्दै कानुनी स्पष्टताको बाटो रोजेको छ। यसले तत्कालको समस्या समाधान गरे पनि संघीय र प्रदेश सरकारबीच अधिकार तथा कानुनी व्याख्यामा रहेको असमञ्जस अझै पूर्ण रूपमा समाप्त भएको भने मान्न सकिँदैन। सरकारले निजी तथा स्वकीय सचिवालयको संगठनात्मक संरचना, कर्मचारी संख्या र सेवा-सुविधाको पुनरावलोकन गर्न अध्ययन समिति गठन गर्नु पनि महत्वपूर्ण निर्णय हो । सार्वजनिक स्रोतको प्रयोग पारदर्शी, मितव्ययी र आवश्यकतामा आधारित हुनुपर्छ। त्यसैले स्वकीय सचिवालयमा कति कर्मचारी आवश्यक छन्, उनीहरूको भूमिका के हो, सेवा सुविधाको मापदण्ड कस्तो हुनुपर्छ भन्ने विषयमा वस्तुगत अध्ययन अपरिहार्य छ । अध्ययन समितिले राजनीतिक आग्रहभन्दा माथि उठेर प्रशासनिक आवश्यकता, वित्तीय क्षमता र सुशासनका सिद्धान्तलाई आधार बनाएर सुझाव दिन सके मात्र यसको औचित्य पुष्टि हुनेछ। तर यससंगै सरकारमाथि अर्को जिम्मेवारी पनि थपिएको छ । अध्ययन समिति गठन गरेर मात्र दायित्व पूरा हुँदैन। समितिको प्रतिवेदनलाई कार्यान्वयन गर्ने इच्छाशक्ति, आवश्यक कानुनी संशोधन र स्पष्ट नीतिगत व्यवस्था पनि उत्तिकै आवश्यक हुन्छ । अन्यथा यस्ता समिति केवल औपचारिकतामा सीमित हुने र समस्या फेरि दोहोरिने जोखिम रहन्छ। अर्कोतर्फ, सार्वजनिक पदसंग जोडिएका स्वकीय सचिवालयबारे समाजमा समय-समयमा प्रश्न उठ्ने गरेका छन् । त्यसैले सरकारले कर्मचारी नियुक्ति प्रक्रिया, जिम्मेवारी, कार्यसम्पादन र खर्चको विवरणलाई पारदर्शी बनाउनुपर्छ। जनताको करबाट सञ्चालन हुने संयन्त्र भएकाले यसको प्रत्येक खर्च सार्वजनिक उत्तरदायित्वको मापदण्डमा खरो उत्रनुपर्छ। पारदर्शिता र जवाफदेहिताले मात्र यस्ता निर्णयप्रति जनविश्वास बढाउन सक्छ । मधेश प्रदेश सरकारको पछिल्लो निर्णय तत्कालीन समस्याको समाधानतर्फको सकारात्मक सुरुवात अवश्य हो । तर यसको वास्तविक सफलता अध्ययन समितिको निष्पक्ष प्रतिवेदन, त्यसको प्रभावकारी कार्यान्वयन र सुशासनप्रतिको दृढ प्रतिबद्धताबाट मात्र मापन हुनेछ।

# बालेन्द्र शाह सरकारको सय दिन र मधेसको मौन प्रश्न



● प्रेमचन्द्र झा

राजनीतिमा सय दिनको अवधि कुनै सरकार वा राजनीतिक शक्तिको अन्तिम मूल्याङ्कन गर्ने समय होइन, तर त्यसले सरकारको दिशा, नेतृत्वको दृष्टि, निर्णय प्रक्रियाको चरित्र र जनअपेक्षाप्रतिको संवेदनशीलताको प्रारम्भिक संकेत अवश्य दिन्छ। लोकतन्त्रमा जनताले सय दिनभित्र सबै समस्या समाधान हुने अपेक्षा राख्दैनन्, तर उनीहरू सरकार कुन बाटोमा अघि बढिरहेको छ, उसको प्राथमिकता के हो, उसले आफ्नो वाचा र व्यवहारबीच कति दूरी कायम गरेको छ र परिवर्तनको भाष्यलाई व्यवहारमा कसरी रूपान्तरण गरिरहेको छ भन्ने कुरा हेर्न चाहन्छन्। त्यसैले सय दिन उपलब्धिको सूची सार्वजनिक गर्ने औपचारिक अवसर मात्र होइन, आत्ममूल्याङ्कन गर्ने, आलोचनालाई सुन्ने र आगामी यात्राको दिशा सच्याउने महत्वपूर्ण मोड पनि हो। पछिल्ला सय दिनको राजनीतिक परिवेशलाई हेर्दा एउटा रोचक विरोधाभास देखिन्छ। एकातिर सरकारले आफ्ना उपलब्धिको सूची सार्वजनिक गर्दै सेवा प्रवाहमा सुधार, प्रशासनिक सक्रियता, भ्रष्टाचार नियन्त्रणप्रतिको प्रतिबद्धता, विकास निर्माणका कामलाई गति दिने प्रयास, डिजिटल प्रणालीको विस्तार र सुशासनलाई प्राथमिकतामा राखेको दाबी गरिरहेको छ। अर्कोतिर त्यही अवधिमा सरकारप्रति बढ्दो असन्तुष्टि, विशेषगरी मधेसबाट उठिरहेका प्रश्नहरू, पार्टीभित्रको असहजता, प्रतिनिधित्वसम्बन्धी बहस र निर्णय प्रक्रियामा देखिएको केन्द्रीकरणले सरकारको उपलब्धिभन्दा बढी चर्चा पाउन थालेको छ। राजनीतिक विश्लेषकहरूका अनुसार कुनै पनि सरकारका लागि सबैभन्दा असहज अवस्था विपक्षी दलको आलोचना होइन, आफ्नै समर्थक र आफ्नै राजनीतिक परिवारभित्रबाट उठ्ने प्रश्न हो। बाहिरको आलोचनालाई राजनीतिक प्रतिस्पर्धाको स्वाभाविक प्रक्रिया भनेर पन्छाउन सकिन्छ, तर आफ्नै पङ्क्तिबाट उठेको असन्तुष्टिलाई बेवास्ता गर्नु भने भविष्यका लागि जोखिमपूर्ण हुन्छ। यही कारणले पछिल्ला दिनमा राष्ट्रिय स्वतन्त्र पार्टीभित्र मधेसका नेता तथा सांसदहरूले सार्वजनिक रूपमा व्यक्त गरेका असन्तुष्टिका स्वरहरूलाई सामान्य घटनाका रूपमा लिन मिल्दैन। प्रतिनिधिसभामा पुरुषोत्तम यादवले व्यक्त गरेको धारणा, त्यसअघि डा. अमरेशकुमार सिंह र मनिष झाले पटक-पटक उठाएका प्रश्न तथा जनकपुरका प्राध्यापक डा. भोगेन्द्र झाले व्यक्त गरेको विश्लेषणले एउटा गम्भीर राजनीतिक संकेत गरेको देखिन्छ। प्रश्न केवल केही व्यक्तिको असन्तुष्टिको होइन; प्रश्न पार्टीभित्र समावेशी नेतृत्व, प्रतिनिधित्व, संवाद र राजनीतिक संस्कारको हो।

नयाँ राजनीतिक शक्तिहरूले पुराना दलहरूको विकल्पका रूपमा आफूलाई प्रस्तुत गर्दा उनीहरूले सबैभन्दा बढी जोड दिने विषय नै पारदर्शिता, समावेशिता, सहभागिता र आन्तरिक लोकतन्त्र हुन्छ। जनताले पनि त्यही आधारमा उनीहरूलाई अवसर दिन्छन्। मधेस प्रदेशमा राष्ट्रिय स्वतन्त्र पार्टीले पाएको समर्थन त्यसैको परिणाम थियो। परम्परागत दलप्रति निराश भएका धेरै मतदाताले नयाँ राजनीतिक संस्कारको अपेक्षामा यो दललाई रोजेका थिए। उनीहरूको विश्वास थियो कि अब निर्णय केही सीमित नेताको वरिपरि केन्द्रित हुने छैन, क्षेत्रीय सन्तुलनलाई सम्मान गरिनेछ, मधेसको आवाजलाई केवल चुनावी भाषणमा सीमित राखिने छैन र प्रतिनिधित्वलाई व्यवहारमा उतारिनेछ। तर सय दिनको अनुभवले त्यो अपेक्षा कति पूरा भयो भन्ने प्रश्न अहिले पार्टीभित्रै उठ्न थालेको छ। मधेसबाट निर्वाचित वा मधेससँग जोडिएका नेताहरूले सार्वजनिक रूपमा असन्तुष्टि व्यक्त गर्नु आफैँमा गम्भीर सन्देश हो। राजनीतिमा असन्तुष्टि हुनु अस्वाभाविक होइन, तर त्यो असन्तुष्टि सार्वजनिक रूपमा पोखिनु भने आन्तरिक संवाद कमजोर भएको संकेत हो। जब पार्टीभित्र आफ्ना कुरा राख्ने पर्याप्त स्थान हुँदैन, तब ती आवाज संसद्, सञ्चारमाध्यम वा सार्वजनिक मञ्चबाट बाहिर आउन थाल्छन्। अहिले देखिएको अवस्था पनि त्यही दिशातर्फ संकेत गरिरहेको देखिन्छ।

पुरुषोत्तम यादवले प्रतिनिधिसभामा व्यक्त गरेको धारणा धेरैका लागि एउटा भाषण मात्र थिएन, त्यो पार्टीभित्र सञ्चित असन्तुष्टिको सार्वजनिक अभिव्यक्ति थियो। उनले उठाएका विषयहरूलाई कतिपयले व्यक्तिगत असन्तुष्टि भनेर व्याख्या गर्न खोजे पनि त्यसपछिका राजनीतिक प्रतिक्रियाले यो विषय व्यक्तिगत सीमाभन्दा धेरै माथि पुगेको देखायो। किनभने त्यसअघि पनि डा. अमरेशकुमार सिंहले मधेसका मुद्दा ओझेलमा परेको भन्दै सरकारको कार्यशैलीमाथि प्रश्न उठाएका थिए। मनिष झाले पनि निर्णय प्रक्रियामा संवादको कमी, संगठनात्मक संरचनामा असन्तुलन र समावेशी नेतृत्वको अभावबारे टिप्पणी गर्दै आएका थिए। यी तीन फरक-फरक आवाज एउटै दिशातर्फ संकेत गरिरहेका छन् भने त्यसलाई संयोग मात्र भन्न कठिन हुन्छ। यसले पार्टीभित्र रहेको संरचनात्मक समस्यातर्फ औँल्याइरहेको हुन्छ।

जनकपुरका प्राध्यापक डा. भोगेन्द्र झाको टिप्पणी अझ गहिरो छ। उनका अनुसार असन्तुष्टि केवल मधेसका नेताहरूमा सीमित छैन, उत्पीडित समुदायमा समेत विस्तार हुँदै गएको छ। यो भनाइलाई केवल राजनीतिक टिप्पणीका रूपमा होइन, सामाजिक मनोविज्ञानको अध्ययनका रूपमा पनि बुझ्नुपर्छ। नेपालको लोकतान्त्रिक आन्दोलनले बारम्बार प्रतिनिधित्व, समावेशिता र पहिचानका मुद्दालाई केन्द्रमा राखेको छ। संविधान निर्माणदेखि राज्य पुनःसंरचनासम्मका बहसले यही कुरा पुष्टि गर्छन्। त्यसैले नयाँ राजनीतिक शक्तिले पनि यी विषयलाई बेवास्ता गर्न सक्दैन। यदि परिवर्तनको नाममा आएका शक्तिहरूले पनि पुरानै शैली दोहोर्‍याए भने जनतामा निराशा झन् तीव्र हुन सक्छ।

सरकारले सय दिनमा गरेका कामलाई पूर्ण रूपमा नकार्न मिल्दैन। प्रशासनिक सुधारका केही प्रयास, सेवा प्रवाहलाई चुस्त बनाउने पहल, डिजिटल माध्यमको प्रयोग बढाउने सोच, भ्रष्टाचारप्रति शून्य सहनशीलताको सार्वजनिक प्रतिबद्धता, केही नीतिगत निर्णय र सरकारी संयन्त्रलाई सक्रिय बनाउने प्रयासलाई सकारात्मक रूपमा लिन सकिन्छ। तर लोकतन्त्रमा उपलब्धिको मूल्याङ्कन केवल सरकारले आफूले भनेको आधारमा हुँदैन, जनताले अनुभव गरेको आधारमा हुन्छ। यदि उपलब्धिको सूची लामो भए पनि जनताको मनमा असन्तुष्टि बढिरहेको छ भने सरकारले त्यसको कारण खोज्नैपर्छ। राजनीतिमा धारणा पनि यथार्थजत्तिकै शक्तिशाली हुन्छ। सरकार सही बाटोमा भए पनि जनताले आफूलाई बेवास्ता गरिएको अनुभूति गरे भने असन्तुष्टि बढ्छ। अहिले मधेसबाट उठिरहेको प्रश्न पनि यही मनोविज्ञानसँग जोडिएको देखिन्छ।

मधेस नेपालको राजनीति, अर्थतन्त्र र सामाजिक संरचनाको अत्यन्त महत्वपूर्ण भूगोल हो। जनसङ्ख्या, कृषि उत्पादन, सीमा व्यापार, सांस्कृतिक विविधता र राजनीतिक प्रभावका दृष्टिले यसको भूमिका अत्यन्त महत्वपूर्ण छ। तर मधेसको राजनीतिक इतिहास हेर्दा एउटा साझा पीडा निरन्तर देखिन्छ–निर्णय प्रक्रियामा सम्मानजनक सहभागिताको अभाव। यही कारणले मधेस आन्दोलनहरू जन्मिए, प्रतिनिधित्वको माग उठ्यो र राज्यलाई समावेशी बनाउने बहसले गति लियो। यस्तो पृष्ठभूमिमा कुनै पनि नयाँ राजनीतिक शक्तिले मधेसलाई केवल निर्वाचन क्षेत्रका रूपमा होइन, साझेदारका रूपमा बुझ्नुपर्छ। यदि त्यो संवेदनशीलता देखिएन भने असन्तुष्टि पुनः दोहोरिनु स्वाभाविक हुन्छ।

मधेसको असन्तुष्टिलाई केवल केही नेताको व्यक्तिगत असन्तुष्टिको रूपमा हेर्नु राजनीतिक दृष्टिले ठूलो भूल हुन सक्छ। कुनै पनि लोकतान्त्रिक समाजमा नेतृत्वले सुन्नुपर्ने पहिलो आवाज आफ्नै संगठनभित्रबाट उठ्ने आवाज हो। बाहिरबाट आएको आलोचनालाई प्रतिपक्षको राजनीति भनेर पन्छाउन सकिन्छ, तर आफ्नै पङ्क्तिबाट उठेका प्रश्नहरू संगठनभित्र कतै न कतै सञ्चारको अभाव, विश्वासको कमी वा निर्णय प्रक्रियामा असन्तुलन रहेको संकेत हुन्छ। यही कारणले पुरुषोत्तम यादवले प्रतिनिधिसभामा व्यक्त गरेको धारणा, त्यसअघि डा. अमरेशकुमार सिंह र मनिष झाले बारम्बार उठाएका प्रश्न तथा मधेसका बौद्धिक समुदायबाट व्यक्त भइरहेका चिन्तालाई गम्भीर रूपमा लिनुपर्ने आवश्यकता देखिन्छ। नयाँ राजनीतिक शक्तिले आफ्नो सबैभन्दा ठूलो शक्ति जनताको विश्वासलाई बनाएको हुन्छ। त्यो विश्वास भाषणले होइन, व्यवहारले जोगिन्छ। यदि परिवर्तनको वाचा गर्ने दलभित्र पनि निर्णय केही सीमित व्यक्तिको वरिपरि घुम्न थाल्यो, क्षेत्रीय सन्तुलन कमजोर हुँदै गयो, आलोचनालाई असहज रूपमा लिन थालियो र संगठनभित्र संवादको संस्कृति कमजोर बन्यो भने जनताले पुराना र नयाँ दलबीचको भिन्नता छुट्याउन कठिन मान्न थाल्छन्।

नेपालको राजनीतिक इतिहासले एउटा कुरा स्पष्ट रूपमा देखाएको छ–प्रतिनिधित्वको प्रश्नलाई बेवास्ता गरेर कुनै पनि राष्ट्रिय राजनीतिक शक्ति लामो समयसम्म बलियो बन्न सकेको छैन। चाहे त्यो पहाड र मधेसबीचको सम्बन्ध होस्, महिला सहभागिता होस्, दलित, आदिवासी जनजाति, मुस्लिम वा अन्य उत्पीडित समुदायको सवाल होस्, अन्ततः राजनीतिक स्थायित्व समावेशीकरणमै निर्भर रहन्छ। मधेसको प्रश्न पनि त्यही ऐतिहासिक निरन्तरताको हिस्सा हो। मधेसले पटक-पटक राज्यसँग समान व्यवहारको माग गरेको छ। आन्दोलनहरू भए, संविधान संशोधनका बहस भए, संघीयताको अभ्यास सुरु भयो, तर मधेसी समुदायको एउटा ठूलो हिस्सामा अझै पनि निर्णय प्रक्रियामा आफूहरू पर्याप्त रूपमा समेटिएका छैनौं भन्ने अनुभूति बाँकी छ। यही मनोविज्ञानलाई बुझ्न नसक्ने हो भने कुनै पनि नयाँ राजनीतिक प्रयोगले अपेक्षित सफलता प्राप्त गर्न सक्दैन।

सरकारले सय दिनको उपलब्धिको सूची सार्वजनिक गर्दा भ्रष्टाचार नियन्त्रण, प्रशासनिक सुधार, सुशासनको प्रतिबद्धता, सेवा प्रवाहमा सुधार, डिजिटल प्रणालीको विस्तार, सार्वजनिक खर्चमा अनुशासन, नीतिगत सुधार तथा विकास निर्माणलाई गति दिने प्रयासजस्ता विषयलाई प्राथमिकताका साथ प्रस्तुत गरिरहेको छ। यस्ता प्रयासलाई सहज रूपमा अस्वीकार गर्न मिल्दैन। प्रशासनिक सुधारको सुरुवात आफैँमा सकारात्मक संकेत हो। सरकारी निकायहरूलाई जिम्मेवार बनाउने प्रयास पनि आवश्यक छ। जनताले सुशासन चाहन्छन्, भ्रष्टाचारमुक्त प्रशासन चाहन्छन्, सेवामा सहज पहुँच चाहन्छन्। तर सरकारको सफलता यतिमै सीमित रहँदैन। सुशासन केवल फाइल छिटो सर्‍यो कि सरेन भन्ने विषय होइन, सुशासन भनेको राज्यका सबै नागरिकले आफूलाई समान रूपमा सम्मानित र सहभागी महसुस गर्ने वातावरण निर्माण गर्नु पनि हो। यदि सेवा सुधारियो तर प्रतिनिधित्वको प्रश्न ओझेलमा पर्‍यो भने विकासको भाष्य अपूरो रहन्छ।

यही कारणले सय दिनको अवधिमा सरकारको सबैभन्दा धेरै आलोचना भएका विषयहरूमध्ये निर्णय प्रक्रियाको केन्द्रीकरण, राजनीतिक संवादको अभाव, पार्टीभित्र असन्तुष्टि व्यवस्थापनमा कमजोरी, क्षेत्रीय सन्तुलनप्रति पर्याप्त संवेदनशीलता नदेखिएको आरोप तथा आलोचनाप्रति रक्षात्मक शैली प्रमुख रूपमा देखिएका छन्। आलोचनालाई लोकतन्त्रको स्वाभाविक प्रक्रिया मान्नुको सट्टा कतिपय अवस्थामा त्यसलाई व्यक्तिगत असन्तुष्टि वा विरोधी मानसिकताको रूपमा बुझ्ने प्रवृत्तिले पनि बहसलाई अझ जटिल बनाएको छ।

# फ्री भिसा फ्री टिकट नीति ठीक छैन भन्दैमा नमान्ने छुट कसैलाई छैन



● मिरा आचार्य

वैदेशिक रोजगार क्षेत्र नेपालको अर्थतन्त्रको मेरुदण्ड हो र यसलाई व्यवस्थित गर्नु राज्यको दायित्व पनि हो । तर, यो क्षेत्र विभिन्न नीतिगत र व्यावहारिक चुनौतीहरूबाट गुज्रिरहेको छ।

वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन बनेका ऐन-कानुनहरूको प्रभावकारी कार्यान्वयन जरुरी छ । पछिल्लो समय बदलिँदो विश्व परिवेश अनुसारको नीतिगत परिमार्जन आजको आवश्यकता पनि हो । सरकारले वैदेशिक रोजगार ऐनको परिधिभित्र रहेर यस क्षेत्रका विकृति हटाउन र श्रमिकको हकहित सुनिश्चित गर्न प्रयासहरू गरिरहेको छ।

कुनै पनि ऐन वा कानुन आफैँमा पूर्ण भए पनि त्यसको कार्यान्वयनको आशयले धेरै कुरा निर्धारण गर्छ। कहिलेकाहीँ फरक उद्देश्यका साथ ल्याइएका कानुनहरू कार्यान्वयनको क्रममा फरक ढंगले बुझिँदा वा व्याख्या गरिँदा समस्या निम्तिने गरेको देखिन्छ।

**नीतिगत सुधार तयारी**

वैदेशिक रोजगार ऐन र नियमावलीको मुख्य उद्देश्य श्रमिकको सुरक्षा र व्यवसायको पारदर्शी नियमन गर्नु हो । विगतमा कति सुधार भए भन्ने कुराको ठ्याक्कै मापन नगरिए तापनि वर्तमान प्राथमिकता भनेको प्रचलित वैदेशिक रोजगार ऐन, नियमावली र सरकारले तोकेका मापदण्डहरूको इमानदार कार्यान्वयन गर्नु नै हो।

कानुनी राज्यमा कानुनको पालना अनिवार्य छ। यदि कानुनमा कुनै कमजोरी छ भने त्यसलाई परिमार्जन वा पुनरावलोकन गर्न सकिन्छ । तर, जबसम्म कानुन कायम रहन्छ, त्यसलाई कार्यान्वयन गर्नु सबैको दायित्व हो।

फ्री भिसा फ्री टिकट नीति र यसको व्यावहारिक पाटोः सरकारले २०७२ सालदेखि खाडीका ७ वटा मुलुकका लागि फ्री भिसा फ्री टिकटको नीति अवलम्बन गरेको छ। यो नीति श्रमिकको हितमा भए तापनि यसको कार्यान्वयनको विषयलाई लिएर व्यवसायीहरूले निरन्तर असन्तुष्टि जनाउँदै आएका छन्।

तर, व्यवसायीहरूले यो नीति व्यावहारिक नभएको भन्दैमा यसको उल्लंघन गर्न पाउँदैनन् । व्यवसायीहरूको तर्क शून्य लागतमा श्रमिक पठाउन सकिँदैन भन्ने छ। तर, यदि कुनै व्यवसायीले राज्यले तोकेको नीतिभित्र बसेर काम गर्न सक्दैन भने उसले सो व्यवसाय नगर्नु नै राम्रो हुन्छ । कानुनविपरीत काम गर्ने छुट कसैलाई छैन।

राज्यको नीतिलाई व्यवसायीले स्वीकार्नुपर्छ। कानुनले नदिएको क्षेत्रमा काम गर्नु भनेको गैरकानुनी र अपराधजन्य क्रियाकलाप हो । पछिल्लो समय मन्त्रालयले यो नीतिको पुनरवलोकनका लागि एक समितिसमेत गठन गरेको छ।

अन्तर्राष्ट्रिय अभ्यास र वर्तमान लागतको विश्लेषण गरी नीतिमा आवश्यक सुधारका लागि समितिले काम गरिरहेको छ । यद्यपि, हालसम्म यही नीति कार्यान्वयनमा रहेकाले विभागले यसलाई कडाइका साथ पालना गराउन अनुगमन र कारबाहीका प्रक्रियाहरू अघि बढाएको छ।

नयाँ गन्तव्य र माग प्रमाणीकरण

नयाँ गन्तव्य र माग प्रमाणीकरणको समस्याका सम्बन्धमा, वैदेशिक रोजगारीका लागि पुराना गन्तव्यहरू (खाडी र मलेसिया) बाहेक युरोप, टर्की जस्ता नयाँ र आकर्षक गन्तव्यहरू पनि थपिएका छन्।

यद्यपि, यी देशहरूमा संस्थागत रूपमा (म्यानपावरमार्फत) श्रमिक पठाउन अझै केही कठिनाइहरू छन् । मुख्य समस्या माग प्रमाणीकरण गर्ने निकायको अभाव देखिनु हो। धेरै युरोपेली देशहरूमा नेपाली दूतावास नहुनु वा माग प्रमाणीकरणको स्पष्ट कार्यविधि नहुँदा श्रमिकहरू व्यक्तिगत श्रम स्वीकृति लिएर जान बाध्य छन्।

यसले गर्दा उनीहरू ठगिने जोखिम बढी हुन्छ। विभागले यी नयाँ गन्तव्यहरूलाई संस्थागत दायरामा ल्याउन र माग प्रमाणीकरण प्रक्रियालाई सहज बनाउन नीतिगत पहल गरिरहेको छ । इजाजतपत्र प्राप्त संस्थाहरूको जिम्मेवारी र उत्तरदायित्वः वैदेशिक रोजगार ऐनले म्यानपावर कम्पनीहरूलाई केवल श्रमिक पठाउने माध्यमको रूपमा मात्र नभई श्रमिक विदेशमा रहुन्जेल उनीहरूको अवस्थाप्रति जिम्मेवार रहने निकायको रूपमा परिभाषित गरेको छ।

श्रमिक विदेशमा कस्तो अवस्थामा छ, उसको स्वास्थ्य कस्तो छ र उसले तोकिएको सेवा-सुविधा पाएको छ कि छैन भन्ने कुराको नियमित रेकर्ड राख्नु म्यानपावर कम्पनीको कानुनी दायित्व हुने ऐनमा व्यवस्था छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त निर्देशनका आधारमा विभागले व्यवसायीहरूका लागि एक कार्ययोजना तयार पारेको छ । अब प्रत्येक म्यानपावर कम्पनीले आफूले पठाएका श्रमिकहरूको अवस्थाबारे प्रत्येक तीन-तीन महिनामा विभागमा प्रतिवेदन बुझाउनुपर्ने व्यवस्था गरिएको छ।

यसले श्रमिकलाई विदेशमा अलपत्र पर्नबाट जोगाउने र समस्या परेको खण्डमा तत्काल उद्धार गर्न सहज हुने अपेक्षा गरिएको छ।

**डिजिटलाइजेसन सेवा प्रवाह**

वैदेशिक रोजगार विभागलाई प्रविधिमैत्री बनाउने कामलाई पहिलो प्राथमिकतामा राखेर तीव्रता दिइएको छ। विभागले साविकको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीमा धेरै सुधारहरू गरेको छ।

अहिले पुनः श्रम स्वीकृतिका लागि श्रमिकले कार्यालय धाउनुपर्ने बाध्यता अन्त्य भएको छ । उनीहरूले संसारको जुनसुकै कुनाबाट पनि अनलाइनमार्फत आफ्नो विवरण भरेर श्रम स्वीकृति लिन सक्छन् । राष्ट्रिय परिचयपत्र र राहदानी विभागको डाटासँग विभागलाई जोडिएकाले श्रमिकले धेरै कागजातहरू अपलोड गरिरहनुपर्ने झन्झट हटेको छ।

त्यस्तै, यसअघि श्रमिकले आफ्नो अनलाइन प्रोफाइलको पासवर्ड बिर्सिंदा कार्यालय नै आउनुपर्थ्यो, जुन अहिले श्रमिक आफैँले रिसेट गर्न सक्ने बनाइएको छ।

मुद्दा र अनुसन्धान प्रणालीको आधुनिकीकरणः विभागमा ठगी र उजुरीका हजारौं मुद्दाहरू छन्।

२०५७ सालदेखिका फाइलहरू भौतिक रूपमा व्यवस्थापन गर्दा कर्मचारीहरूलाई धेरै समस्या हुने गरेको थियो । यसलाई मध्यनजर गर्दै विभागले मुद्दा तथा अनुसन्धान सफ्टवेयर विकास गरिरहेको छ। आगामी साउनदेखि पूर्ण रूपमा कार्यान्वयनमा आउने यो सफ्टवेयरले केही फाइदा दिन्छ।

सेवाग्राहीले आफ्नो मुद्दाको अवस्था कहाँ पुग्यो र कहिले पालो आउँछ भन्ने कुरा अनलाइनबाटै हेर्न सक्नेछन्। कुन म्यानपावर कम्पनीको विरुद्ध कति उजुरी छन्, कसले कति मुद्दा छिटो सुल्झाए र कुन कम्पनीले बदमासी गरिरहेका छन् भन्ने कुराको डिजिटल अभिलेख रहनेछ। यसले राम्रो काम गर्ने व्यवसायी र बदमासी गर्ने व्यवसायी छुट्याउन मद्दत गर्नेछ।

मुद्दाको फाइल हराउने वा विवरण तोडमोड हुने जोखिम न्यूनीकरण हुनेछ।

कर्मचारी व्यवस्थापन र कार्यबोझः विभागमा हाल करिब ११० जना कर्मचारीहरू कार्यरत छन्।


नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना
आयोजना क्लष्टर इकाई, धनुषा

कार्यक्रम प्रस्ताव आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/०३/२२ गते)

यस खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, आयोजना क्लष्टर इकाई धनुषा, नक्टाझिजको आ.ब. २०८३/८४ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्यक्रम संचालन गर्नका लागि आयोजना कार्यक्षेत्रका गाउँपालिकाहरुमा आयोजनाबाट गठित सम्बन्धित गाउँपालिकामा दर्ता भएका र आ.ब. २०८२/८३ मा कार्यालयबाट तपसिलमा उल्लेखित कार्यक्रम प्राप्त गरि उक्त आ.व. मा कार्यक्रम सम्पन्न गरि कार्यालयसंग भएको सम्झौता बमोजिम आ.ब. २०८३/८४ मा यस कार्यालयको बार्षिक स्वीकृत कार्यक्रममा समावेश हुने Follow up Support कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरु संचालनका लागि प्रथम पटक प्रकाशित सूचना भएको मितिले ३० (तिस) दिनभित्र प्रस्ताव सहित आवश्यक कागजातहरु संलग्न राखि रितपूर्वक आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ। साथै, रित नपुगेको वा तोकिएको म्यादभित्र प्राप्त हुन नआएका प्रस्तावहरु छनौट प्रक्रियामा समावेश नहुने व्यहोरा जानकारीको लागि अनुरोध छ।

**आयोजना संचालित जिल्ला र गाउँपालिका**:

**धनुषा**:– बटेश्वर र जनकनन्दिनी गाउँपालिका

**महोत्तरी**:– सोनमा र सम्सी गाउँपालिका

**कार्यक्रम विवरण**:

| क्र. सं. | कार्यक्रमको विवरण | एकाई | परिमाण | निवेदन गर्न सक्ने समूह |
|---|---|---|---|---|
| १ | बोयर बाख्राको मल्तिप्लायर हर्ड स्थापना तथा परिचालन- Follow up Support | संख्या | २ | उत्पादक (पशुपन्छीपालन, आ.ब. २०८२/८३ मा कार्यक्रम संचालन भएका समूहहरु) |
| २ | बाख्रापालन प्रवर्द्धन कार्यक्रम- Follow up support | संख्या | ४० | उत्पादक (पशुपन्छीपालन, आ.ब. २०८२/८३ मा कार्यक्रम संचालन भएका समूहहरु) |
| ३ | दुग्ध उत्पादक प्रवर्द्धन कार्यक्रम- Follow up support | संख्या | १६ | उत्पादक (पशुपन्छीपालन, आ.ब. २०८२/८३ मा कार्यक्रम संचालन भएका समूहहरु) |
| ४ | ग्रामिण कुखुरापालन प्रवर्द्धन कार्यक्रम- Follow up support | संख्या | १६ | उत्पादक (पशुपन्छीपालन, आ.ब. २०८२/८३ मा कार्यक्रम संचालन भएका समूहहरु) |
| ५ | समुदायमा घाँसबाली श्रोत केन्द्र तथा नर्सरीको स्थापना- Follow up support | संख्या | ४ | उत्पादक समूह (आ.ब. २०८२/८३ मा कार्यक्रम संचालन भएका समूहहरु) |
| ६ | घरबारी पोषण बगैंचा कार्यक्रम संचालन- Follow up support | संख्या | ५६ | आ.ब. २०८२/८३ मा कार्यक्रम संचालन भएका पोषण समूहहरु |

**आर्थिक पक्ष**:- आयोजना क्लष्टर इकाई, धनुषाबाट व्यहोरिने अनुदान रकममा उत्पादक समूह, पोषण र जल उपभोक्ता समूहहरुको लागत साझेदारीमा सहभागिता प्रतिशत आयोजनाको स्वीकृत कार्यविधि वा आयोजना कार्यान्वयन म्यानुअलमा उल्लेख भएको रकम बमोजिम हुनेछ।

**पेश गर्नुपर्ने कागजातहरू**:-

- सम्बन्धित कृषक समूहको कार्यक्रम सम्बन्धी माँग निवेदन
- सम्बन्धित गाउँपालिकामा समूह दर्ता तथा नवीकरण प्रमाण-पत्रको प्रतिलिपी
- समूहको स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपी
- पछिल्लो आर्थिक बर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी
- समूहको कार्यक्रम माँग सम्बन्धी निर्णयको प्रतिलिपी, प्रस्ताव र निवेदन

**नोट**:- कार्यक्रम माँगको लागि समूहको निर्णय र निवेदनका लागि आयोजना क्लष्टर इकाईको कार्यालय धनुषा नक्टाझिज अन्तर्गतका कार्यक्षेत्रहरुमा खटिएका फिल्ड प्राविधिकहरुसंग सम्पर्क वा समन्वय गर्नुहुनका साथै सम्बन्धित गाउँपालिकाका बिषयगत शाखाहरुसंग पनि समन्वय र सहकार्य गर्नुहुन अनुरोध छ। साथै, यस सम्बन्धमा थप जानकारीको लागि आयोजना क्लष्टर इकाई नक्टाझिज, धनुषामा सम्पर्क गर्नुहुन वा आयोजना क्लष्टर इकाई प्रमुखको सम्पर्क नं. ९८५४०२७०१८ वा प्राविधिकको सम्पर्क नं. ९८४५१८१२८४ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**आयोजना क्लष्टर इकाई प्रमुख**

# मालदह आँपको मूल्य बढ्यो



जनकपुरधाम । मधेश प्रदेशमा मालदह जातको आँपको उत्पादन घट्दै गएपछि बजारमा यसको मूल्य दोब्बरले बढेको छ। तर किसानले भने आफूहरुले उचित मूल्य नपाएको भन्दै असन्तुष्टि जनाएका छन् । उनीहरुले शीतभण्डार, प्रशोधन र प्रभावकारी बजार व्यवस्थापनको माग गरेका छन् ।

दुई साताअघिसम्म रु १०० मा साढे दुई केजी आँप बिक्री भइरहेकामा अहिल प्रतिकेजी रु १०० मा भइरहेको छ। किसानका बगैँचामा मालदह आँप सकिन लाग्दा व्यापारीले मूल्य बढाएको तर आफूहरुले भने मूल्य नपाएको किसानको गुनासो छ ।

धनुषाका क्षीरेश्वरनाथ नगरपालिका-१ का किसान उमेश यादवले बजार मूल्य बढे पनि त्यसको लाभ किसानले नपाएको बताउनुभयो । उहाँले किसानबाट सस्तोमा खरिद गरिएको आँप बजारमा महँगो मूल्यमा बिक्री भइरहेकाले प्रभावकारी बजार अनुगमन र मूल्य व्यवस्थापन आवश्यक रहेको उल्लेख गर्नुभयो ।

मिथिला नगरपालिकाका कृषक धनिकलाल महतोले असार १५ पछि धान रोपाइँ सुरु हुने भएकाले किसानले बगैँचाबाट आँप समयमै बिक्री गर्न बाध्य हुने र व्यापारीले यही अवस्थाको फाइदा उठाएर कम मूल्यमा खरिद गर्ने गरेको बताउनुभयो ।

उहाँले शीतभण्डार, प्रशोधन केन्द्र र व्यवस्थित बजारको अभावका कारण किसानले उत्पादनको उचित मूल्य नपाइरहेको उल्लेख गर्दै उत्पादनको मूल्य सुनिश्चित गर्न सरकारी पहल आवश्यक रहेको बताउनुभयो ।

आँप व्यापारीका अनुसार बम्बई जातको आँप बजारबाट लगभग सकिएको छ भने मालदह आँप अब करिब १० दिनसम्म मात्रै उपलब्ध हुनेछ । त्यसपछि कलकत्तिया र आम्रपाली जातका आँप बजारमा आउनेछन् । रासस

# साक्षर नगर बन्यो बर्दिवास



**टुडे समाचारदाता**

बर्दिवास । महोत्तरीको बर्दिबास नगरपालिका साक्षर नगर घोषणा भएको छ। यससंगै बर्दिबास नगरपालिका पनि महोत्तरीमा साक्षर घोषणा हुनेमा चौथो स्थानीय तह बनेको छ।

आयोजित एक कार्यक्रमबीच मधेश प्रदेश सरकारका श्रम तथा यातायात मन्त्री शारदा थापाले बर्दिवास नगरलाई साक्षर घोषणा गरिन् ।

विद्यालय जाने उमेर समूहबाहेक १५ देखि ६० वर्ष उमेर समूहका सम्बद्ध स्थानीय तहका कम्तीमा ९५ प्रतिशत बासिन्दा साक्षर भएपछि साक्षर भएकाले बर्दिबास साक्षर नगरको सूचीमा परेको हो। बर्दिबासले साक्षरताका १२ सूचक पूरा गरेको छ।

नगर कार्यपालिकाको शिक्षा शाखाका प्रमुख रेवतीप्रसाद पराजुलीले दिएको जानकारी अनुसार नगरको कुल ७५ हजार जनसंख्यामध्ये २५ हजार विद्यार्थी नगरक्षेत्रभित्रका ८० विद्यालयमा औपचारिक शिक्षामा आबद्ध छन्भने १५ देखि ६० वर्ष उमेर समूहका ४६ हजार ५२६ जनामध्ये ४५ हजार ३३२ जनाले साक्षरताको मापदण्ड पूरा गरेका छन् ।

शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख निर्मल घिमिरेले पछिल्लो समय जिल्लाका स्थानीय तहले साक्षरता कार्यक्रमलाई अभियानका रूपमा अगाडि बढाएका जानकारी दिँदै आर्थिक वर्ष २०८३/०८४ मा जिल्लाका ६० प्रतिशत स्थानीय तहलाई साक्षर घोषणा गर्ने लक्ष्यसहित अभियान जारी रहेको छ।

महोत्तरीमा १० नगरपालिका र पाँच गाउँपालिका छन् । यसअघि मनराशिश्वा गाउँपालिका, मटिहानी नगरपालिका र जलेश्वर नगरपालिका साक्षर घोषणा भएका छन् ।

# मुआब्जा विवाद टुङ्गिएसँगै
# बिजलपुरा-बर्दिबास रेलमार्ग निर्माण सुरु



जनकपुरधाम । मुआब्जासम्बन्धी विवाद समाधान भएसँगै जयनगर-बर्दिबास १८ किलोमिटर रेलमार्ग निर्माणले गति लिएको छ।

नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक परिवेश पराजुलीका अनुसार जग्गा मुआब्जासम्बन्धी विवाद समाधान भएसँगै आगामी दुई वर्षभित्र बर्दिबाससम्म रेल सेवा सञ्चालन गर्ने लक्ष्यका साथ निर्माण कम्पनी इरकन इन्टर नेसनलले काम थालेको छ । धनुषा र महोत्तरीमा धमाधम ट्र्याक निर्माण भइरहेको छ।

जयनगर-बर्दिबास ७० किलोमिटर निर्माणाधीन रेलमार्गमध्ये जयनगर-कुर्था खण्डमा २०७८ चैत १९ गतेदेखि नियमित रुपमा रेल सेवा सञ्चालन हुँदै आएको छ।

यसैबीच, नेपाल रेल्वे कम्पनीले अतिक्रमणमा परेको आफ्नो जग्गाको खोजी सुरु गरेको छ। विभिन्न स्थानमा रेल्वेको जग्गा अतिक्रमण भएको पाइएपछि नक्साका आधारमा खोजी थालिएको महाप्रबन्धक पराजुलीले बताउनुभयो।

जयनगर-बर्दिबास रेलमार्ग नेपाल र भारतबीचको महत्वपूर्ण सीमापार रेल परियोजना हो । यो ब्रोडगेज रेलमार्ग नेपाल-भारत द्विपक्षीय सहकार्यअन्तर्गत निर्माणाधीन । यो परियोजनाले दुई देशबीचको आवागमन, व्यापार तथा आर्थिक गतिविधिलाई सहज बनाउनुका साथै नेपालको रेल पूर्वाधार विस्तारमा योगदान पुर्याउने अपेक्षा गरिएको छ। रासस

# विद्यालयमा स्थानीय तहको साझेदारी आवश्यक



**टुडे समाचारदाता**

जनकपुरधाम । सामुदायिक विद्यालयहरुमा पूर्वाधार र दरबन्दी अनुसारको शिक्षकको आभाव रहेको प्रधानाध्यापकहरुले गुनासो गरेका छन ।

जनकपुरधाममा आइतवार प्रधानाध्यापकहरुको संगठन प्रधानाध्यापक संघ नेपालको मधेश प्रदेश स्तरीय सार्वजनिक शिक्षा रुपान्तरणमा विद्यालय नेतृत्व, स्थानीय सरकार र नीति निर्माणमा साझेदारी विषयक कार्यक्रममा बोल्ने प्रधानाध्यापकहरुले आ आफ्ना पीडा राखेका छन् ।

कार्यक्रममा बोल्ने अधिकांश वक्ताहरुले विद्यालयमा अभिभावक र स्थानीय तहबाट हुने अपेक्षित सहयोग नभइरहेको गुनासो समेत गरेका थिए। उनीहरुले सबै समस्याको पीडा प्रधानाध्यापकलाई नै झेल्नु परिरहेको र प्रधानाध्यापकको पीडा राज्य समेतले बुझ्न नसकेको बताए।

कार्यक्रममा सहभागी प्रधानाध्यापकहरुले विद्यालयमा गरिएको सकारात्मक परिवर्तन बारे समेत चर्चा गरेको थियो । उनीहरुले विद्यालयलाई नमूना बनाउन गरेको अभ्यास बारे अर्कासँग खुलेर चर्चा गरेका थिए।

कार्यक्रममा शिक्षा तथा खेलकुद मन्त्रालयका सल्लाहकार शैलेन्द्र झाले अभिभावक र प्रधानाध्यापकबीचको सम्बन्ध सुधारका लागि सरकारले सिस्टम बनाउन लागेको जानकारी दिदैं प्रधानाध्यापकहरुले पनि आ आफ्ना स्तरीयतामा सुधार गरेर अघि बढनुपर्नेमा जोड दिए । उनले विद्यार्थीहरूको सिकाइ उपलब्धि अपेक्षाअनुसार हुन नसकेकोप्रति चिन्ता व्यक्त गर्दै गुणस्तरीय शिक्षाका लागि शिक्षक, अभिभावक, प्रधानाध्यापक र स्थानीय तहबीच प्रभावकारी समन्वय आवश्यक रहेको भने ।

प्रधानाध्यपक संघ नेपालका अध्यक्ष सुदान प्रसाद गौतमले नेपालमा शिक्षाले राज्यको प्राथमिकता प्राप्त गर्न नसकेको गुनासो गर्दै शिक्षा क्षेत्रमा पर्याप्त लगानी र प्रभावकारी नीति कार्यान्वयनका लागि सरकारलाई निरन्तर दबाब दिनुपर्ने अवस्था रहेको बताए।

उनले विकसित मुलुकहरूले शिक्षालाई पहिलो प्राथमिकतामा राख्ने गरेको बताउँदै शिक्षा, स्वास्थ्य र पूर्वाधारजस्ता आधारभूत सेवाको सुनिश्चितता राज्यको दायित्व भएको भने।

संघका मधेश प्रदेश अध्यक्ष संजय झाको अध्यक्षतामा सम्पन्न सम्मेलनमा सार्वजनिक शिक्षाको गुणस्तर सुधार, विद्यालय नेतृत्वलाई प्रभावकारी बनाउने उपाय, स्थानीय सरकारसँगको सहकार्य तथा शिक्षा नीति कार्यान्वयनका चुनौती र समाधानका विषयमा व्यापक छलफल भएको थियो। सो कार्यक्रममा संघसँग आबद्ध प्रदेशभरिका प्रधानाध्यापकहरुको सहभागिता रहेको थियो ।

# बीउ उत्पादन कार्यक्रम ५८ स्थानीय तहमा सञ्चालन

काठमाण्डु। कृषि विभागले विभिन्न १८ जिल्लाका ५८ स्थानीय तहमा गुणस्तरीय बीउमा किसानको पहुँच वृद्धिका लागि स्रोत बीउ उत्पादन कार्यक्रम सञ्चालन गरेको छ।

विभागले सङ्घीय सशर्त वित्तीय हस्तान्तरण कार्यक्रममार्फत उन्नत बीउ उत्पादन गर्न यो कार्यक्रम सञ्चालन गरेको हो।

विभागका महानिर्देशक प्रकाशकुमार सञ्जेलले जलवायु परिवर्तनको नकारात्मक प्रभाव घटाउन धान बालीमा उत्थानशील जात विकास गरिने जानकारी दिनुभयो। धान खेतीमा छरुवा प्रविधि, पालैपालो जमिन भिजाउने र सुकाउने तथा वर्षाको पानी सङ्कलनजस्ता प्रविधि विस्तारमा जोड दिइएको उहाँले बताउनुभयो।

कार्यक्रमअन्तर्गत हर्दिनाथ-१ र ३ वर्णशङ्कर जात प्रवर्द्धन, २१ जोन र ५ सुपरजोनमार्फत वर्खे तथा चैते धानमा यान्त्रिकीकरण प्रवर्द्धन र मूल्य शृ‌ृङ्खला विकास गरिने छ।रासस

# सिक्टा सिँचाइ आयोजना समयमै सम्पन्न गर्न मन्त्री श्रेष्ठको निर्देशन



काठमाण्डु । आर्थिक वर्ष २०६१/६२ देखि निर्माण सुरु भएको सिक्टा सिँचाइ आयोजनाको अपेक्षित भौतिक प्रगति नभएपछि ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले चासो व्यक्त गर्नुभएको छ।

आयोजनाको स्थलगत निरीक्षण गर्दै मन्त्री श्रेष्ठले समय सीमाभित्र आयोजना सम्पन्न गर्न सम्वद्ध पक्षलाई निर्देशन दिनुभएको हो । आयोजनाले बाँकेका राप्ती सोनारी, जानकी, बैजनाथ, डुडुवा, नरैनापुर, खजुरा गाउँपालिका, कोहलपुर नगरपालिका तथा नेपालगञ्ज उपमहानगरपालिको ४२ हजार ७६६ हेक्टर कृषियोग्य जमिनमा भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य राखेको छ।

पश्चिमी मूल नहरमार्फत ३३ हजार ७६६ हेक्टर र पूर्वी मूल नहरमार्फत करिब नौ हजार हेक्टर क्षेत्रमा सिँचाइ हुने परिकल्पना गरिएको छ।

मन्त्री श्रेष्ठले आयोजनाको सफल कार्यान्वयनले बाँके जिल्लामा कृषि उत्पादन, खाद्य सुरक्षा तथा ग्रामीण अर्थतन्त्रमा दीर्घकालीन सकारात्मक परिवर्तन ल्याउने विश्वास व्यक्त गर्नुभयो।

स्थलगत निरीक्षणका क्रममा मन्त्री श्रेष्ठले कर्मचारी तथा लाभान्वित किसानसँग अन्तरक्रियासमेत गर्नुभएको थियो । उहाँले आयोजनाका लागि आवश्यक बजेटको सुनिश्चित गर्न प्रतिबद्ध रहेको स्पष्ट पार्दै निर्माणलाई तीव्रता दिन सुझाव दिनुभयो।

राष्ट्रिय गौरवको आयोजनालाई समयमै सम्पन्न गर्न आवश्यक ऐन-कानुन तथा प्रशासनिक प्रक्रियामा देखिएका जटिलता समाधानका लागि आफूले आवश्यक पहल गर्ने उहाँले बताउनुभयो। बहुवर्षीय ठेक्का तथा सहमतिसम्बन्धी प्रक्रियालाई थप सरल र प्रभावकारी बनाइने उहाँको भनाइ थियो।

उहाँले सिक्टा सिँचाइ आयोजना पूर्वाधार निर्माणमा मात्र सीमित नरही बाँकेको कृषि आधुनिकीकरण, उत्पादन वृद्धि, खाद्य सुरक्षाको सुदृढीकरण तथा किसानको आयआर्जन बढाउने दीर्घकालीन आधार बन्ने उल्लेख गर्नुभयो । सो क्रममा स्थानीय किसानसँग प्रत्यक्ष छलफल गर्दै रोपाइँको अवस्थाबारे जानकारी लिनुका साथै उनीहरूले भोगिरहेका समस्या र सुझावसमेत लिनुभएको थियो।

आर्थिक वर्ष २०६८/६९ मा राष्ट्रिय गौरवको आयोजनाका रूपमा सूचीकृत भएको यस आयोजनाको स्वीकृत गुरुयोजनाअनुसार कुल अनुमानित लागत करिब रु ५२ अर्ब ८९ करोड रहेको छ। आयोजनालाई तीन चरणमा सम्पन्न गर्ने योजना रहेकामा हाल दोस्रो चरणको कार्य अघि बढिरहेको छ । आव २०८९/९० भित्र आयोजना सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

हालसम्म आयोजनाको करिब ५० दशमलव ५० प्रतिशत भौतिक तथा ४५ दशमलव ५३ प्रतिशत वित्तीय प्रगति भएको छ। यस अवधिसम्म करिब रु २४ अर्ब आठ करोड खर्च भइसकेको छ। यस्तै, करिब २५ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार भइसकेको आयोजनाले जनाएको छ। रासस

# मुलुकको आवश्यकतालाई ध्यानमा राखेर संसद्‌ले कानुन निर्माण गर्छ : सभामुख अर्याल



काठमाण्डु । प्रतिनिधिसभका सभामुख डोलप्रसाद अर्यालले मुलुकको आवश्यकतालाई ध्यानमा राखेर संसद्‌ले कानुनहरु निर्माण गर्ने बताउनुभएको छ।

काठमाण्डुको चन्द्रागिरी नगरपालिका-१३ स्थित कङ्काली माध्यमिक विद्यालयको ४३औं वार्षिकोत्सवका अवसरमा आज आयोजित कार्यक्रममा उहाँले कानुन निर्माणको मुख्य स्थानमा आफू रहेको उल्लेख गर्दै मुलुक र जनताको आवश्यकतालाई सम्बोधन हुने गरी कानुन निर्माण गरिने बताउनुभयो। बयालिस वर्ष अघि चार जना विद्यार्थीबाट सुरु भएको सो विद्यालयमा भएको पूर्वाधार र शैक्षिक विकासको प्रशंसा गर्दै काठमाडौं क्षेन नम्बर ९ बाट निर्वाचित अर्यालले विद्यालयको उन्नयनका लागि शुभकामना व्यक्त गर्नुभयो।

नेकपा (एमाले)का प्रतिनिधिसभा सदस्य भूमिका श्रेष्ठले आगामी दिनमा विद्यालयको थप प्रगतिको शुभकामना दिँदै आफ्नो स्थानबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो।

विद्यालयका प्राधानाध्यापक विष्णु पनेरुले विद्यालयले चार दशकमा प्राप्त गरेको उपलब्धिको चर्चा गर्दै आगामी दिनमा गुणस्तरीय शिक्षाका लागि विद्यालयले थप मेहनत गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। रासस


नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना

## आयोजना क्लष्टर इकाई, धनुषा

## कार्यक्रम प्रस्ताव आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०३/२२ गते)**

यस खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, आयोजना क्लष्टर इकाई धनुषा, नक्टाझिजको आ.ब. २०८३/८४ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्यक्रम संचालन गर्नका लागि आयोजना कार्य क्षेत्रका गाउँपालिकाहरुमा आयोजनाबाट गठित सम्बन्धित गाउँपालिकामा दर्ता भई परिचालन भएका कृषक उत्पादक समूहहरु तथा पोषण समूहहरुले तपसिल बमोजिमका कार्यक्रमहरु संचालनका लागि प्रथम पटक प्रकाशित सूचना भएको मितिले ३० (तिस) दिनभित्र अनूसुची-१ बमोजिमको प्रस्तावना तयार पारी आवश्यक कागजातहरु संलग्न राखि रितपूर्वक आवेदन पेश/दर्ता गर्नुहुन आह्वानका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, रित नपुगेको वा तोकिएको म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौट प्रक्रियामा समावेश नहुने व्यहोरा जानकारीको लागि अनुरोध छ।

**आयोजना संचालित जिल्ला र गाउँपालिका**:

**धनुषाः**- बटेश्वर र जनकनन्दिनी गाउँपालिका

**महोत्तरीः**- सोनमा र सम्सी गाउँपालिका

**कार्यक्रम विवरण**:

| क्र.सं. | कार्यक्रमको विवरण | एकाई | परिमाण | निवेदन गर्न सक्ने समूह |
|---|---|---|---|---|
| १ | बाली उत्पादन प्रवर्द्धन कार्यक्रम | संख्या | ३० | बाली उत्पादन सम्बन्धी कृषक समूहहरु |
| २ | कृषकहरुको फार्ममा बाली सम्बन्धी उन्नत प्रविधिहरुको प्रदर्शन कार्यक्रम | संख्या | ३० | आ.ब. २०८१/८२ र २०८२/८३ को कार्यक्रमहरुमा हालसम्म समावेश नगरिएका कृषक समूहहरु। |
| ३ | कृषकहरुको फार्ममा पशुपन्छी सम्बन्धी CSA तथा उन्नत प्रविधिहरुको प्रदर्शन कार्यक्रम | संख्या | ३० | आ.ब. २०८१/८२ र २०८२/८३ को कार्यक्रमहरुमा हालसम्म समावेश नगरिएका पशुपालन कृषक समूहहरु |
| ४ | पशुपन्छीको गोठ सुधार तथा गोठ मल व्यवस्थापन सम्बन्धी प्रदर्शन | संख्या | २० | आ.ब. २०८१/८२ र २०८२/८३ को कार्यक्रमहरुमा हालसम्म समावेश नगरिएका पशुपालन कृषक समूहहरु |
| ५ | पुरक अनुदान कार्यक्रम (कृषि/पशुपन्छीको उत्पादकत्वमा सुधार, प्रशोधन तथा मूल्य अभिवृद्धि आदी) | संख्या | ७५ | आ.ब. २०८२/८३ मा कार्यक्रम संचालन नभएका बाली तथा पशुपन्छी उत्पादक कृषक समूहहरु |
| ६ | कृषक समूहहरुबाट माँगमा आधारित कृषि उत्पादन, प्रशोधन तथा बजारीकरण सहयोग कार्यक्रम | संख्या | १०० | कृषि तथा पशुपालन उत्पादक समूहहरु |
| ७ | साना अनुदान कार्यक्रम | संख्या | ४३ | कार्यक्रम संचालन नभएका पोषण समूहहरु |
| ८ | Medium Deep Boring निर्माण तथा फेन्सीङ्ग | संख्या | १ | जल उपभोक्ता समितिहरु, जग्गाः- सार्वजनिक वा जल उपभोक्ता समितिको स्वामित्वमा हुनुपर्ने। |

**आर्थिक पक्ष**:- आयोजना क्लष्टर इकाई, धनुषाबाट व्यहोरिने अनुदान रकममा उत्पादक समूह, पोषण र जल उपभोक्ता समूहहरुको लागत साझेदारीमा सहभागिता प्रतिशत आयोजनाको स्वीकृत कार्यविधि वा आयोजना कार्यान्वयन म्यानुअलमा उल्लेख भएको रकम बमोजिम हुनेछ।

**पेश गर्नुपर्ने कागजातहरू**:-

- सम्बन्धित कृषक समूहको कार्यक्रम सम्बन्धी माँग निवेदन
- सम्बन्धित गाउँपालिकामा समूह दर्ता तथा नवीकरण प्रमाण-पत्रको प्रतिलिपी
- समूहको स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपी
- पछिल्लो आर्थिक बर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी
- समूहको कार्यक्रम माँग सम्बन्धी निर्णयको प्रतिलिपी, प्रस्ताव र निवेदन

**नोट**:- कार्यक्रम माँगको लागि समूहको निर्णय र निवेदनका लागि आयोजना क्लष्टर इकाईको कार्यालय धनुषा नक्टाझिज अन्तर्गतका कार्यक्षेत्रहरुमा खटिएका फिल्ड प्राविधिकहरुसंग सम्पर्क वा समन्वय गर्नुहुनका साथै सम्बन्धित गाउँपालिकाका बिषयगत शाखाहरुसंग पनि समन्वय र सहकार्य गर्नुहुन अनुरोध छ। साथै, यस सम्बन्धमा थप जानकारीको लागि आयोजना क्लष्टर इकाई नक्टाझिज, धनुषामा सम्पर्क गर्नुहुन वा आयोजना क्लष्टर इकाई प्रमुखको सम्पर्क नं. ९८५४०२७०१८ वा प्राविधिकको सम्पर्क नं. ९८४५१८१२८४ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।


**आयोजना क्लष्टर इकाई प्रमुख**

# असारमा बजेट खर्च तिव्र रुपमा बढ्यो

**टुडे समाचारदाता**

जनकपुरधाम। चालु आर्थिक वर्षमा मधेश प्रदेश सरकारको खर्चको गति असार महिनामा तिव्र रुपमा बढेको छ।

आर्थिक वर्षको अन्तिम चरण सुरु भएलगत्तै २० दिनको अवधिमा मात्र करिब ३ अर्ब ३२ करोड रुपैयाँ खर्च थपिएपछि कुल बजेट खर्च २८.३० प्रतिशत पुगेको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ । कार्यालयका अनुसार असार २० गतेसम्म प्रदेश सरकारको कुल १३ अर्ब २९ करोड ६६ लाख ६८ हजार १६४ रुपैयाँ खर्च भएको छ।



यसअघि जेठ मसान्तसम्म खर्च ९ अर्ब ९७ करोड रुपैयाँ (कुल बजेटको २१.२४ प्रतिशत) मा सीमित थियो। तर, असार सुरु भएपछि खर्चमा तीव्र वृद्धि भई कुल खर्चमा ७ प्रतिशतभन्दा बढीको उछाल देखिएको छ।

आर्थिक वर्षको अन्तिम महिनामा देखिने यस्तो प्रवृत्तिलाई सार्वजनिक वित्त व्यवस्थापनका जानकारहरूले पुनः 'असारे खर्च' को रूपमा व्याख्या गर्दै खर्चको गुणस्तर र पारदर्शितामाथि प्रश्न उठाएका छन्। उनीहरूका अनुसार अन्तिम समयमा हुने हतारको भुक्तानीले विकास आयोजनाको प्रभावकारिता र गुणस्तरमा असर पर्न सक्ने जोखिम रहन्छ।

प्रदेश लेखा नियन्त्रक कार्यालयका सूचना अधिकारी निरेन्द्रलाल कर्णका अनुसार हालसम्म चालुतर्फ ६ अर्ब ७२ करोड ८८ लाख रुपैयाँ (४३.०२ प्रतिशत) तथा पुँजीगततर्फ ६ अर्ब ५६ करोड ७८ लाख रुपैयाँ (२०.९६ प्रतिशत) खर्च भएको छ। जेठ मसान्तसम्म चालु खर्च ३६.२२ प्रतिशत र पुँजीगत खर्च १३.७६ प्रतिशत मात्र थियो।

कोलेनिका अनुसार मन्त्रालयगत खर्चमा सबैभन्दा बढी प्रगति अर्थ मन्त्रालयले गरेको छ । अर्थले ५३.७१ प्रतिशत बजेट खर्च गरेको छ। त्यसपछि वन तथा वातावरण मन्त्रालयले ४६.३८ प्रतिशत र श्रम तथा यातायात मन्त्रालयले ३८.९७ प्रतिशत खर्च गरेको हो।

यस्तै, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले ३६.२९ प्रतिशत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ३१.२१ प्रतिशत, भौतिक पूर्वाधार विकास मन्त्रालयले २८.७९ प्रतिशत, गृह, सञ्चार तथा कानुन मन्त्रालयले २८.५६ प्रतिशत तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले २८.३६ प्रतिशत बजेट खर्च गरेका छन्।

शिक्षा तथा संस्कृति मन्त्रालयको खर्च २६.४७ प्रतिशत, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयको १९.६० प्रतिशत र उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको सबैभन्दा कम ११.०२ प्रतिशत रहेको तथ्याङ्कमा उल्लेख छ।

सूचना अधिकारी कर्णका अनुसार असार २५ गतेसम्म विभिन्न योजना तथा कार्यक्रमको भुक्तानी प्रक्रिया जारी रहने भएकाले खर्चको कुल प्रतिशत अझै बढ्ने सम्भावना छ । तर, अन्तिम समयमा हुने तीव्र खर्चले बजेट कार्यान्वयनको दीर्घकालीन प्रभावबारे प्रश्न उठ्छ।

# कमला पुलको बजेट मुख्यमन्त्रीले आफ्नो जिल्लामा लग्यो

**टुडे समाचारदाता**

जनकपुरधाम। वर्षौंदेखि निर्माणाधीन रहेको धनुषा र सिरहा जिल्लालाई जोड्ने कमला नदीको पुल निर्माणका लागि मधेश प्रदेश सरकारले विनियोजन गरेको रकम मुख्यमन्त्री कृष्णप्रसाद यादवले आफ्नो गृह जिल्लामा लगेको आरोप लगाइएको छ।

प्रतिपक्षी जनता समाजवादी पार्टी (जसपा) नेपालका सांसद उपेन्द्र महतोले बहुवर्षिय योजना अन्तर्गत कमला नदीको पुल निर्माणका लागि विनियोजन गरिएको १ अर्ब ९० करोड रुपैया श्रोत सुनिश्चितताका लागि उठाइएको फाइल गरी मुख्यमन्त्रीले आर्थिक वर्षको अन्त्यमा सो बराबरको योजना आफ्नो गृह जिल्ला रौतहटमा लगेको आरोप लगाए।

आइतबार जनकपुरधाममा आयोजित संयुक्त पत्रकार सम्मेलनमा जनता समाजवादी पार्टी (जसपा) नेपाल र जनमत पार्टीका नेताहरूले मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको सरकारले आर्थिक वर्षको अन्तिम चरणमा गृह जिल्ला रौतहटलाई केन्द्रित गर्दै ठूलो परिमाणमा योजनाको बोलपत्र स्वीकृत गरेको दाबी गरे।




सांसद महतोले भने बजेटमा उल्लेख नै नभएका योजनाहरु मुख्यमन्त्रीले आफ्नो गृह जिल्ला रौतहटस्थित पूर्वाधार विकास कार्यालयमार्फत असार महिनामै विभिन्न चरणमा दुई अर्ब रुपैयाँभन्दा बढीका योजना स्वीकृत गराएको हो।

उनका अनुसार असार १ गते ६ वटा योजनाका लागि ३० करोड ४२ लाख रुपैयाँ, असार १२ गते २ योजनाका लागि ४ करोड ७० लाख रुपैयाँ, असार १५ गते ५ योजनाका लागि ३० करोड ८ लाख रुपैयाँ तथा असार १७ गते १० योजनाका लागि करिब एक अर्ब ३५ करोड रुपैयाँ बराबरका बोलपत्र स्वीकृत भएका थिए। यसअघि पुस १ गते पनि १५ करोड ७५ लाख रुपैयाँ बराबरका पाँच योजना स्वीकृत गरिएको उनले जानकारी दिए।

महतोले प्रदेशका अन्य जिल्लाको रकम कट्टा गरी आफनो गृहजिल्लामा लग्नु यो व्यवहारिक र नैतिकताले पनि उचित छैन । रौतहटमा मात्रै बहुवर्षीय योजनाको नाममा अर्बौं रुपैयाँ विनियोजन गरिएको भन्दै यसलाई बजेटको चरम दुरुपयोग र भ्रष्टाचारको उदाहरण भएको आरोप लगाए।

यति मात्र होइन प्रत्येक पालिकामा गरी १२ करोडभन्दा बढीको पोषणयुक्त कार्यक्रम संचालन र ट्राफिक रिफलेक्टिव सिग्नल जडानका लाडि ४ करोडको योजना संचालन गर्न भनी रकम पठाइएको छ। पोषणको नाममा प्रदेशमा भ्रष्टाचारले जडो गाडी सकेका छन्। चालु आर्थिक वर्ष झण्डै एक अर्ब बराबरको पोषणको कार्यक्रमहरु स्वास्थ्य मन्त्रालय मातहतका स्वास्थ्य निर्देशनालयद्वारा प्रत्येक जिल्लामा संचालन गरिएको छ।

पत्रकार सम्मेलनमा जसपा नेपालका प्रदेशसभा सदस्य तथा पूर्व अर्थमन्त्री संजय यादवले पोषण कार्यक्रमको नाममा पनि व्यापक अनियमितता भएको आरोप लगाउँदै आगामी वर्षमा पनि कसरी भ्रष्टाचार गर्न पाउँ भनी आगामी बजेटमा पनि अर्बौ रुपैया पोषणकै नाममा विनियोजन गरिएको छ।

उनले चालु आर्थिक वर्षमा स्वास्थ्य मन्त्रालयअन्तर्गत सञ्चालित पोषण कार्यक्रममार्फत झन्डै एक अर्ब रुपैयाँ खर्च गरिएको र त्यसमा विशेष गैरसरकारी संस्था तथा कम्पनीसँग मिलेमतो गरी ४० प्रतिशतसम्म कमिसन लिएको दाबी गरे। आगामी आर्थिक वर्षको बजेटमा समेत यस्तै शीर्षकमा अर्बौं रुपैयाँ विनियोजन गरिएकाले भ्रष्टाचारको क्रम निरन्तर रहने उनको भनाइ थियो।

यादवले एउटै शीर्षकमा ठूलो बजेट देखाइए पनि भित्री विवरणमा तीनदेखि १५ वटासम्म फरक-फरक योजना समेटिएकाले ठेक्का प्रक्रिया नै जटिल बन्ने बताए। उनका अनुसार एउटै प्याकेजभित्र मन्दिर, मदरसा, कब्रिस्तान, सडक ढलान, बाउन्ड्री वाल, बोरिङ तथा भवन मर्मतजस्ता फरक प्रकृतिका आयोजना राखिएकाले कार्यान्वयन, प्राविधिक मूल्यांकन, भुक्तानी तथा विवाद समाधानमा समस्या उत्पन्न हुने सम्भावना छ।

जनमत पार्टी संसदीय दलका नेता चन्दन सिंहले पनि बजेट निर्माण शैलीप्रति प्रश्न उठाए। उनले गत आर्थिक वर्षमा पनि यस्तै प्रकृतिको बजेट ल्याइएकाले कार्यान्वयनमा समस्या देखिएपछि संकल्प प्रस्तावमार्फत संशोधन गरेर साना योजनामा विभाजन गरिएको स्मरण गराए। एउटै शीर्षकभित्र फरक भूगोल र फरक प्रकृतिका योजना समेट्ने अभ्यासले कानुनी र व्यवहारिक दुवै दृष्टिले समस्या निम्त्याउने उनको भनाइ थियो।

# गर्मीसँगै सर्पको बिगबिगी बढ्यो

**टुडे समाचारदाता**

जनकपुरधाम । गर्मी बढ्दै गएको क्रममा तराई मधेशमा सर्पको पनि बिगबिगी बढेको छ। सर्लाहीको लालबन्दी नगरपालिका-१ नवलपुरस्थित सर्पदंश उपचार केन्द्रको तथ्याङ्कअनुसार गत वर्षको तुलनामा यस वर्ष सर्पले डसेका बिरामीको संख्या उल्लेख्य रूपमा वृद्धि भएको छ।

उपचार केन्द्रका स्वास्थ्य सहायक जगन्नाथ यादवका अनुसार असारको तेस्रो सातासम्म ३०५ जना सर्पदंशका बिरामी उपचारका लागि केन्द्रमा आएका छन्, जुन गत वर्षको सोही अवधिको तुलनामा बढी रहेको छ।

उपचार केन्द्रका अध्यक्ष उद्धव पौडेलका अनुसार हाल दैनिक तीनदेखि सात जनासम्म सर्पदंशका बिरामी उपचारका लागि केन्द्रमा आउने गरेका छन् । उनका अनुसार अन्य समयमा पनि सर्पदंशका बिरामी आउने गरे पनि फागुनदेखि भदौ-असोजसम्मको अवधिमा विषालु सर्प बढी सक्रिय हुने भएकाले बिरामीको संख्या उल्लेख्य रूपमा बढ्ने गर्दछ।



मुसाको दुलो, झाडी तथा अन्य ओसिला स्थानमा बस्न रुचाउने विषालु सर्प अत्यधिक गर्मी बढेपछि बाहिर निस्कने गर्छन् । विशेषगरी रातिको समयमा आहाराको खोजीमा निस्किएका सर्प मानिससँग जम्काभेट हुँदा आफूलाई असुरक्षित महसुस गरेर आत्मरक्षाका लागि डस्ने गरेको विज्ञहरुको भनाई छ।

अध्यक्ष पौडेलले सर्पले मानिसलाई खोज्दै नहिँड्ने, तर मानवीय गतिविधिबाट खतरा महसुस भएपछि मात्र डस्ने गरेको स्पष्ट पारे। उपचार केन्द्रको तथ्याङ्कअनुसार यस वर्ष फागुनमा १७, चैतमा ४७, वैशाखमा ६५, जेठमा ८५ र असारको तेस्रो सातासम्म ९१ जना गरी कुल ३०५ जनालाई सर्पले डसेको छ।

तीमध्ये विषालु कमन करेत सर्पले डसेका तीन जनालाई थप उपचारका लागि जनकपुरधाम रिफर गरिएको स्वास्थ्य सहायक यादवले जानकारी दिए। बाँकी सबै बिरामीको उपचार केन्द्रमै सफलतापूर्वक गरिएको उनले बताए।

उपचारका लागि आउने बिरामीमध्ये पाँचदेखि सात प्रतिशतमा मात्र विष फैलिएको पुष्टि हुने गरेको छ। करिब १५ देखि २० प्रतिशतमा 'सुक्खा डसाइ' (डस्दा विष नछोडिएको अवस्था) हुने गरेको छ भने ७३ देखि ८० प्रतिशतसम्म बिरामी विषरहित सर्पले डसेका वा सर्पले डसेको आशंकामा उपचारका लागि आउने गरेको यादवको भनाई छ।

एकैपटक दुई जनासम्मलाई आपत्कालीन उपचार सेवा दिन सक्ने क्षमता रहेको यस केन्द्रमा दुई जना एमबीबीएस चिकित्सक, दुई जना सीएमए, तीन जना स्वास्थ्य सहायक (एचए) तथा नेपाली सेनाका स्वास्थ्य समूहका दुई प्राविधिक कार्यरत छन्।

सर्पले डसेपछि सम्भव भएसम्म सर्पको पहिचान गरी बिरामीलाई कुनै पनि प्रकारको झारफुक वा अन्धविश्वासमा नअल्झाई तत्काल उपचार केन्द्र वा नजिकको स्वास्थ्य संस्थामा पुऱ्याउन चिकित्सकहरूले आग्रह गरेका छन्।

# बालुवा उत्खन्न विवादमा गोली फायर, ६ घाइते



**टुडे समाचारदाता**

रौतहट । बालुवा उत्खनन विवादका क्रममा भारतको बिहार राज्यअन्तर्गत जहानाबाद जिल्लाको घोसी थाना क्षेत्रमा दुई पक्षबीच भएको बन्दुक फायरिङमा ६ जना घाइते भएका छन्।

घाइतेमध्ये दुई जनाको अवस्था गम्भीर रहेको भारतिय सञ्चारमाध्यमले जनाएको छ । घटना घोसी थाना क्षेत्रको चैती-पीपर गाउँमा फल्गु नदीबाट बालुवा निकाल्ने विषयलाई लिएर गिन्जी र चैती-पीपर गाउँका स्थानीयबीच विवाद चर्किएपछि भएको हो । विवाद बढ्दै जाँदा दुवै पक्षबीच अन्धाधुन्ध गोली फायर भएको थियो।

प्रहरीका अनुसार एक पक्षबाट अजय राम, दिनेश राम, सुधीर राम, विजय राम र रेशम कुमारी घाइते भएका छन् भने अर्को पक्षबाट गिन्जी गाउँका विष्णु कुमार र रामपुरका सुधीर शर्मा घाइते भएका छन् । घाइतेमध्ये सुधीर शर्माको अवस्था गम्भीर रहेको र उनलाई पीएमसीएच (पटना मेडिकल कलेज अस्पताल) रेफर गरिएको छ।

घाइते रेशम कुमारीले बताएअनुसार करिब ४०-५० जनाको समूह हतियारसहित आएर अन्धाधुन्ध गोली चलाएको थियो, जसका कारण धेरै जना घाइते भएका हुन् । अर्कोतर्फ, दोस्रो पक्षका अनुसार सुधीर शर्मा बाइकमा घर फर्कने क्रममा गोली लागेर घाइते भएका हुन्।

घटनापछि प्रहरीले घटनास्थलमा पुगेर अनुसन्धान सुरु गरेको छ। घोसी एसडीपीओ कृति कमलका अनुसार बालुवा उत्खनन विवादका कारण गोलीकाण्ड भएको हो र दोषीको खोजीका लागि छापामारी जारी रहेको छ। घाइतेहरूलाई स्थानीय अस्पतालमा भर्ना गरिएको प्रहरीले जनाएको छ।

# भन्सार छलीको लाखौंको सामान बरामद


**टुडे समाचारदाता**

रौतहट । भन्सार छली गरी नेपाल भित्र्याइँदै गरेको करिब १२ लाख रुपैयाँ बराबरको भारतीय कपडा र तीनवटा भारतीय नम्बर प्लेटका मोटरसाइकल रौतहटमा सशस्त्र प्रहरी बलले बरामद गरेको छ।

सशस्त्र प्रहरी बल नेपाल नं. ११ गण मुख्यालय रौतहटबाट खटिएको मोबाइल गस्ती टोलीले माधवनारायण नगरपालिका-१ दिपही क्षेत्रमा शनिबार गस्ती गर्ने क्रममा अवैध रूपमा ल्याइँदै गरेको कपडा बरामद गरेको हो।

सशस्त्र प्रहरीका अनुसार बीआर ०५ यू ३३७१, बीआर ०५ ए ८६६६ र बीआर ०५ ई ३५६४ नम्बरका भारतीय मोटरसाइकलमा लोड गरी ल्याइँदै गरेको विभिन्न किसिमका कपडाको अनुमानित मूल्य ११ लाख ९२ हजार ५७० रुपैयाँ रहेको छ।

सशस्त्र प्रहरी रौतहटका प्रमुख एसपी रामहरि अधिकारीका अनुसार गस्ती टोलीलाई देख्नासाथ सामान बोकेका व्यक्तिहरू मोटरसाइकल छाडेर फरार भएका थिए। बरामद गरिएका कपडा र मोटरसाइकल आवश्यक कानुनी कारबाहीका लागि गौर भन्सार कार्यालयमा बुझाइएको उनले जानकारी दिए।



पछिल्लो समय भारतसँग जोडिएका सीमावर्ती नाकामा सुरक्षा निगरानी कडा बनाइएपछि तस्करहरूले वैकल्पिक बाटो प्रयोग गर्दै नरकटिया-बन्कुल नाका हुँदै भन्सार छली गरेर सामान भित्र्याउने प्रयास गरेको हुन सक्ने सुरक्षा निकायको अनुमान छ। प्रहरीले घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ।

# बारामा आर्थिक गणना सम्पन्न



**टुडे समाचारदाता**

बारा । बारा जिल्लामा खटिएका ६६ जना गणक र ९ जना सुपरिवेक्षकलाई राष्ट्रिय आर्थिक गणना-२०८२ अन्तर्गत प्रमाणपत्र प्रदान गर्दै सम्मान गरिएको छ।

जिल्ला आर्थिक गणना कार्यालय, बाराले आयोजना गरेको कार्यक्रममा गणना कार्य सफलतापूर्वक सम्पन्न गर्न योगदान पुऱ्याएका गणक तथा सुपरिवेक्षकलाई प्रमाणपत्र वितरण गर्नुका साथै सम्मान गरिएको हो।

कार्यक्रममा बोल्दै जिल्ला आर्थिक गणना अधिकारी राजेश दासले राष्ट्रिय आर्थिक गणना-२०८२ जस्तो महत्त्वपूर्ण अभियानलाई सफल बनाउन गणक तथा सुपरिवेक्षकहरूले खेलेको भूमिका प्रशंसनीय रहेको भने। उनले थप्दै भने प्रतिकूल मौसम, समयको चाप तथा विभिन्न चुनौतीका बाबजुद जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्दै गणना अभियानलाई सफल बनाउन सबैले उल्लेखनीय योगदान दिएको छ।

जिल्ला आर्थिक गणना अधिकारी दासका अनुसार नेपाल सरकारको राष्ट्रिय तथ्यांक कार्यालयले "अर्थतन्त्र मापनका लागि आर्थिक गणना" भन्ने मूल नारासहित दोस्रो राष्ट्रिय आर्थिक गणना-२०८२ सञ्चालन गरेको थियो। देशभर २०८३ वैशाख २ गतेदेखि असार ७ गतेसम्म स्थलगत तथ्याङ्क सङ्कलन गरिएको थियो। उनका अनुसार बारा जिल्लामा २१ हजार ६ सय ९७ वटा व्यवसाय तथा प्रतिष्ठानको स्थलगत गणना सम्पन्न भएको छ।

राष्ट्रिय तथ्यांक कार्यालयले सञ्चालन गरेको आर्थिक गणनाको उद्देश्य मुलुकभर रहेका आर्थिक प्रतिष्ठानहरूको वास्तविक अवस्था, रोजगारीको स्थिति, व्यवसायको प्रकृति, लगानीको अवस्था तथा अर्थतन्त्रमा उनीहरूको योगदानसम्बन्धी तथ्यांक संकलन गर्नु रहेको छ।

यस गणनाबाट प्राप्त तथ्यांकले संघ, प्रदेश र स्थानीय तहमा नीति निर्माण, विकास योजना तर्जुमा, लगानी प्रवर्द्धन तथा आर्थिक विकासका कार्यक्रम तय गर्न महत्त्वपूर्ण आधार प्रदान गर्ने अपेक्षा रहेको छ।

# १० दिनपछि बालकको सकुशल उद्धार



**टुडे समाचारदाता**

राजविराज । सप्तरी प्रहरीले अपहरण भएको १० दिनपछि एक जना बालकलाई आइतबार सकुशल उद्धार गरेको छ । जिल्लाको डाक्नेश्वरी नगरपाालिका ९ पत्थरगाडा बस्ने मो.कलिमका ८ वर्षीय छोरा मो.परवेजलाई अपहरणमा परेको १० दिनपछि प्रहरीले सकुशल उद्धार गरिएको जनाइएको छ।

परवेजलाई १० दिन अगाडि राजविराज स्थित नेता चौकबाट अपरिचित व्यक्तिलाई फकाई अपहरण गरेका थिए।स्थानीय युवा र नेपाल प्रहरीको सक्रियतामा बालकको उद्धार गरिएको छ भने अपहरणको आरोपमा एकजना महिला सहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ।

हाललाई अपहरणमा संलग्नको परिचय सार्वजनिक नगरेपनि घटनाको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका डीएसपी एवं प्रहरी प्रवक्ता हेमराज घिमिरेले जानकारी दिएका छन्।

# लागू औषधसहित दुई पक्राउ

**टुडे समाचारदाता**

बारा। प्रहरीले लागूऔषधसहित दुई युवकलाई बाराको जीतपुरसिमरा उपमहानगरपालिका-७ स्थित जीतपुरको लल्का पुल नजिकबाट पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय जीतपुरबाट वरिष्ठ प्रहरी नायब निरीक्षक उमेश निरौलाको कमाण्डमा खटिएको प्रहरी टोलीले नियमित सवारी तथा व्यक्ति चेकजाँचका क्रममा शंकास्पद अवस्थामा रहेका स्थानीय २९ वर्षीय साजन पासवान र २५ वर्षीय विकास चौधरीलाई पक्राउ गरेको जनाइएको छ।

जिल्ला प्रहरी कार्यालय बाराका अनुसार चेकजाँचका क्रममा विकास चौधरीको साथबाट १९० मिलिग्राम खैरो हेरोइन तथा २५ दशमलव ५३ ग्राम गाँजा बरामद गरिएको छ।

जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक मीनबहादुर घलेले पक्राउ परेका दुवै जनाविरुद्ध लागूऔषधसम्बन्धी कसुरमा आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको जानकारी दिएका छन्। उनीहरूलाई थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय सिमराको हिरासतमा राखिएको प्रहरीले जनाएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८